पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश – नेपाल

मिति : २०७७/१०/२१

## सार्वजनिक सम्पती भाडामा लगाउने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०८/२८

यस नगरपालिकाको स्वामित्वमा रहेका तपशिल बमोजिमको सार्वजनिक सम्पतीहरु चालु आ.व ०७७/०७८ देखि आ.व ०९१/०९२ सम्म बढीमा १५ बर्ष सम्मका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ बमोजिम भाडामा लगाइने भएकाले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीले निम्न शर्तको अधिनमा रहि मिति २०७७/१०/२८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा निम्न सर्तको अधिनमा रहि दरभाउपत्र राजश्व शाखामा पेश गर्न सुचित गरिन्छ ।

| क.स | ठेक्का नं. | विवरण | न्युनतम कबोल रकम (प्रतिबर्ष) (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PMUN-R-077/078-05 | धर्मावति प्रा. विको जग्गा तथा भवन | १,२०,०००।०० | दोस्रो पटक प्रकाशित |

**शर्त तथा बन्देजहरु :**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कृषि बिकास बैंक पालुङटारमा रहेको यस कार्यालयको खाता नं.०३१७७००९५९५३२०२५मा नगद रु १,०००।०० (अक्षरुपी एक हजार मात्र )जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएका दरभाउपत्र भरी ८ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२) दरभाउ पत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक पालुङटारमा रहेको धरौटी खाता नं. ०३१७७००९५९५३२०१७ मा जम्मा गरी सोको सक्कल बैंक भौचर, नगद वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी नब्बे दिनको म्याद सहित जारी गरिएको विडवण्ड दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

३) खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्र दाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाई नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दर्ता गर्न सकिने छ ।

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

४) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन।

५) रीतपूर्वक पर्न आएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका दरभाउपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) दरभाउपत्र स्वीकृत भएमा नगरपालिकालाई प्रत्येक वर्ष बुझाउनु पर्ने रकम यस वर्षको हकमा ठेक्का स्वीकृत भएको १५ दिनभित्र र आगामी वर्ष श्रावण १५ गते भित्र बुझाई सक्नुपर्ने छ अन्यथा सम्झौता नविकरण हुने छैन ।

८) ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिन्हा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिन्हाको लागि दावी गर्न पाईने छैन ।

९) फारम केरमेट गर्न पाईने छैन ।

१०) कुनै शर्त राखी फारम भर्न पाईने छैन ।

११) यस नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

१२) ठेक्का लिदा आवश्यक पर्ने अन्य करहरु ठेकेदार स्वयं ले व्यहोर्नु पर्नेछ ।

१३) भौतिक संरचना र स्वरुपलाई फेरबदलगर्न पाईने छैन ।

१४) अन्य शर्तहरु सम्झौतामा उल्लेख भए अनुसार तथा स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत